फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सं. २०७५।०७६
च.नं.- ९२६

मितिः-२०७५।१२।२२

## विषयः निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री सम्पुर्ण वडा कार्यालय,
फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा फेदाप गाउँ कार्यपालिकाको बैठक संख्या १८।०७५-०७६ प्रस्ताव नं. ६ को **"म.ले.प. को प्रारम्भिक रिपोर्ट अनुसार बेरुजुमा परेका गत बर्षका योजनाहरुको संबन्धमा"** देहाय बमोजिम निर्णय भएकोले त्यस वडा अन्तर्गत संचालन भएका योजनाहरुको पहिचान गरी उ.स. लाई कुनै माध्यमबाट सम्पर्क गरी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

***निर्णयको व्यहोराः***

आ.ब. २०७४।०७५ को योजनाहरु मध्ये महालेखा परीक्षकको कार्यालय, डोरमुकाम तेह्रथुमको प्रारम्भिक प्रतिवेदन बमोजिम बेरुजुमा परेका निम्नुसारका योजनाहरुले चैत्र २५ गते भित्रमा बेरुजु फछ्यौंट गर्नु पर्ने, अन्यथा कानून बमोजिम कारबाही गर्ने ।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्री उपाध्यक्ष ज्यू, फेदाप गाउँपालिका (जानकारीको लागी अनुरोध छ)

**बोधार्थ तथा कार्यार्थः**

१. श्री योजना तथा अनुगमन शाखा, फेदाप गाउँपालिका (पत्रानुसार संलग्न योजनाहरुको उ.स. का पदाधिकारीलाई वडा कार्यालय संग समन्वय गरी निर्णयानुसार बेरुजु फछ्यौंट गर्न समन्वय गर्ने)
२. श्री आर्थिक प्रशासन शाखा, फेदाप गाउँपालिका
(पत्रानुसार संलग्न योजनाहरुको उ.स. का पदाधिकारीले निर्णयानुसार बेरुजु फछ्यौंटको लागि आवश्यक कागजात पेश गरेमा बेरुजु फछ्यौंटको लागि पेश गर्ने)

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा,
गाउँपालिकाको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहु

| क्र.सं. | योजना/कार्यक्रमको नाम | बेरुजुको विवरण | गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | मार्शेटार खेल मैदान, जलजले | संझौता भन्दा ८३.७०% कम काम गरेको । कार्यसम्पन्नको आधारमा रु. ७,४१,२१५ भुक्तानी गर्नुपर्नेमा रु. ७,६७,९९० भुक्तानी भएकोले बढी भुक्तानी रु. २६,७७५ असुल गर्नुपर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३००००००००४००१०१२ मा रु. २६,७७५ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| २ | पञ्चकन्या आ.बि. हांसोरुङ | विद्यालयको जिन्सी खातामा फर्निचरको दाखिला नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ३ | जलेश्वर आ.बि. | विद्यालयको जिन्सी खातामा फर्निचरको दाखिला नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ४ | स्वास्थ्य चौकी पुर्ण खोप वडा घोषणा कार्यक्रम, सिम्ले | खर्च साथ बिल भरपाई पेश नभएको | बिल भरपाई पेश गर्नु पर्ने | |
| ५ | ४ नं. वडा कार्यालय ब्यबस्थापन | खरिद गरिएका २ थान सोफा सेटको दाखिला पेश नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ६ | लोगुवा विद्युत बिस्तार, ओयाक्जुङ | अन्तिम बिलमा रु. ४८,०००।- भुक्तानी गर्नु पर्ने लेखिएकोमा रु. ४९,८१२.६४ भुक्तानी भएकोले बढी भुक्तानी रु. १८१३ असुल उपर गर्नु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३००००००००४००१०१२ मा रु. १,८१३ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| ७ | जलजले वडा कार्यालय ट्रष्ट ब्यबस्थापन, जलजले | सिंहबाहिनी सप्लायर्सबाट खरिद भएको रू. ३१,०००।- फलामको भन्याङको भ्याट बिल संलग्न नभएकोले भ्याट बिल संलग्न गर्नु पर्ने या असुल उपर हुनु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३००००००००४००१०१२ मा रु. ३१,०००।- दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| ८ | ह्यात्रुङ झरना प्रवर्द्धन कार्यक्रम, सम्दु, इसिबु | सडक निर्माण कार्य गर्दा रु. ५,३२,६४६.२२ भुक्तानी भएकोमा एक्साभेटर प्रयोग भएको रु. ६१,२७८ को भ्याट बिल पेश नभएकोले भ्याट बिल पेश गर्नु पर्ने या असुल उपर हुनु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३००००००००४००१०१२ मा रु. ६१,२७८ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |

प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लावाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

प.सं. २०७५।०७६
च.नं.- ९३८

मितिः-२०७५।१२।२४

विषयः निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री सम्पुर्ण वडाध्यक्ष ज्यू,
फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा फेदाप गाउँ कार्यपालिकाको बैठक संख्या १८।०७५-०७६ प्रस्ताव नं. ४ को **वडा सदस्यको सेवा सुबिधा संबन्धमा** देहाय बमोजिम निर्णय भएकोले आवश्यक कार्यान्वयनको लागि पठाइएको ब्यहोरा अनुरोध छ ।

*निर्णयको ब्यहोराः*

प्रचलित कानून बमोजिम वडा सदस्यले सेवा सुविधा भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्दा अनिवार्य रुपमा वडाध्यक्ष ज्यूको लिखित सिफारिस सहित पेश गर्नु पर्ने । संबन्धित वार्डको वडाध्यक्षको लिखित सिफारिस बिना माग गरिएको जुन सुकै किसिमको सेवा सुविधाको निवेदन उपर कार्यालयले भुक्तानी नगर्ने । पुनश्च कार्यबाहक वडाध्यक्षको हैसियतले गरेको सिफारिस अमान्य हुने ।

सुमन फिडदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थः**

श्री आर्थिक प्रशासन शाखा, फेदाप गाउँपालिका
(निर्णयानुसार वडाध्यक्ष ज्यूको लिखित सिफारिस बिना माग गरिएको सेवा सुविधा भुक्तानी नगर्ने)

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा,
गाउँपालिकाको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहु

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सं. २०७५।०७६ मितिः-२०७५।१२।२४
च.नं.- ९३९

**विषयः निर्णय कार्यान्वयन गर्ने बारे ।**

श्री सम्पुर्ण वडाध्यक्ष ज्यू,
फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा फेदाप गाउँ कार्यपालिकाको बैठक संख्या १८।०७५-०७६ प्रस्ताव नं. ५ को **वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयको सवारी साधन (मोटरसाईकल)** संबन्धमा देहाय बमोजिम निर्णय भएकोले मोटरसाइकल प्रयोगलाई व्यबस्थित बनाउन लिखित अनुमतिको नमुना यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

***निर्णयको व्यहोराः***

साविकको गा.वि.स.ले खरिद गरेको तथा हाल यस गाउँपालिका अन्तर्गतको वडा कार्यालयका मोटरसाइकलहरु तथा गाउँपालिका स्थापना पश्चात गाउँकार्यपालिकाको कार्यालयले खरिद गरेका मोटरसाइकलहरु अनधिकृत तवरले जथाभावी प्रयोग भएको भन्ने जनगुनासो आएकोले निम्नानुसार व्यबस्थापन गर्ने

१. वडा नं. ५ इसिबुको बाइक वडा सचिव श्री दुर्गा प्रसाद भण्डारीले ५ दिन भित्रमा वडा कार्यालयमा दाखिला गर्नुपर्ने । म्याद भित्र दाखिला नगरेमा कानून बमोजिम कारबाही गर्ने ।
२. वडा कार्यालय र गाउँपालिकाको कार्यालयका बाइकहरु जथाभावी रुपमा, बिना लाइसेन्स, नविकरण नगरी, छुट्टीको बेला, व्यक्तिगत काममा प्रयोग गर्न नपाइने ।
३. वडा सदस्य तथा कर्मचारीहरुले प्रयोग गरिरहेको मोटरसाइकलको चाबी क्रमशः वडाध्यक्ष र कार्यालय प्रमुख समक्ष बुझाउनु पर्ने ।
४. अफिसियल काममा मोटरसाइकल प्रयोग गर्नु परेमा वडाको हकमा वडाध्यक्ष र गाउँपालिकाको कार्यालयको हकमा प्रमुख प्रशासकीय अधिकृतको लिखित अनुमति लिनुपर्ने ।
५. लिखित अनुमति बिना प्रयोग गर्ने, चाबी बुझाउन आनाकानी गर्ने, ढिलाइ गर्ने, नटेर्ने, वडा सदस्य तथा कर्मचारीहरुलाई कानून बमोजिम कारबाही गर्ने ।

सुमन लिङदेन (लिमबु)
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ तथा कार्यार्थः**

१. श्री कर्मचारी प्रशासन शाखा, फेदाप गाउँपालिका ।
(निर्णयानुसार यस कार्यालयको मोटरसाईकल प्रयोग गरिरहेका सम्पुर्ण कर्मचारीहरुलाई १ दिनको समय दिई चाबी बुझाउन पत्राचार गर्ने, नबुझाउने कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सिफारिस गर्ने)
२. ना.सु. श्री दुर्गा प्रसाद भण्डारी ज्यू, फेदाप गाउँपालिका । (निर्णय नं. १ बमोजिम गर्नु हुन)

**बोधार्थः-**

श्री सूचना तथा प्रविधि शाखा, फेदाप गाउँपालिका
(गाउँपालिकाको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन)

फेदाप गाउँपालिका

# .... नं. वडा कार्यालय

........................ तेह्रथुम

१ नं. प्रदेश,नेपाल

प.सं. २०७५।०७६ मितिः-२०७५।१२।२२

च.नं.- १२१

## विषयः सवारी साधन प्रयोग गर्ने अनुमति प्रदान गरिएको बारे।

श्री ................................(नाम थर)

वडा सदस्य, .... नं . वडा कार्यालय,

फेदाप गाउँपालिका ।

प्रस्तुत विषयमा फेदाप गाउँकार्यपालिकाको मिति २०७५।१२।२० को बैठक संख्या १९।२०७५-०७६ निर्णय नं. ५ बमोजिम तपाईलाई यस वडा कार्यालयको ..................... नं. को मोटरसाईकल मिति ........................देखी मिति........................... सम्मको लागि.....दिन/घन्टा को लागि ........................................................... प्रयोजनको लागि प्रयोग गर्न अनुमति प्रदान गरेको छु ।

.......................................

नाम थर

वडाध्यक्ष